# जनजाति र दलितहरूमा छुवाछुत



नेपालको संविधानको भाग ३ को धारा ११ (३) मा भनिएको छ- "राज्यले नागरिकहरुका बिच धर्म, वर्ण, लिङ्ग, जात, जाति वा वैचारिक आस्थाका आधारमा भेदभाव गर्ने छैन" तापनि नेपाली समाजमा यत्रतत्र धर्म, वर्ण, लिङ्ग र जातीय आधारमा भेदभाव र घृणा कायमै छ। यो भेदभावलाई जनजाति तथा दलित समुदायले एकोहोरो रुपमा बाहुन, क्षेत्रीहरुमाथि थोपर्दै आएका छन् र उनीहरु भन्दछन्- "वैश्य, शूद्र जातिहरु पशुभन्दा तल्लो दर्जामा बसाइराख्ने प्रमुख कारक तत्व जडसूत्रवादी हिन्दूधर्म र त्यसको आडमा शोषण गर्ने वाहुनहरु हुन्" ।

हावा नलागी पात हल्लिदैंन भनेझैं जनजाति तथा दलितहरुले बाहुनहरुमाथि लगाउदै आएको यो आरोप निराधार र असत्य होइन, सत्य हो तर उनीहरुले यो कुरा सधैंभरि लुकाउने गर्छन् कि जनजाति र दलितहरुकै बिचमा समेत ठूलो जातीय विभेद छ । वर्ण व्यवस्थाभित्र हुर्केको ब्राहमण जातिले यस्तो विभेदलाई परम्परागत रुपमा पिँढी दरपिँढी जीवन्त राख्दै आएकोमा कुनै आश्चर्य मान्नु पर्दैन तर वर्ण व्यवस्थाभित्रैका शूद्र (दलित) जातिहरु र वर्ण व्यवस्थादेखि बाहिरका जनजातिहरुमा समेत यो प्रथा कायमै छ र अझ साँच्चै भन्ने हो भने बाहुनक्षेत्रीहरुमा भन्दा बढी नै छ ।

उपाध्याय बाहुनले जैसी बाहुनले छोएको नखाने, उनीहरुसँग बिहाबारी नगर्ने परम्परा अझै कायमै छ भने उपाध्याय र जैसी बाहुनले ठकुरी, क्षेत्रीहरुसँग त्यसैप्रकारको विभेद कायमै राखेका छन् । ठकुरीहरुले क्षेत्रीसँग छुवाछुत बार्छन् । नेवारहरुभित्र त झन बाहुनदेखि शूद्रसम्मका जाति छन् । जनै लगाउनेदेखि सनै फुक्नेसम्मका जाति छन् । त्यसै गरी गुरुङहरुले मगरले छोएको खान्नन् ।

गुरुङहरुभित्रै पनि चारजाते र सोह्रजाते भन्ने भेदभाव छ । बाह्रजाते तामाङले अठारजाते तामाङभन्दा आफूलाई उच्च ठान्दछन् र बिहाबारी गर्दैनन्। कुमालहरुमा पनि त्यस्तै छ। महताने कुमालहरुलाई दहिताने कुमालहरुले तल्लो जात भन्दछन् । राजवंशीहरुभित्र पनि हाँडी जातिलाई तल्लो जाति मानिन्छ। यिनीहरुलाई विवाहमा बाजा बजाउने, डोली बोकाउने, सुत्केरी सेवा गराउने, बालकको नाल काट्न लगाउने गरिन्छ। भोटे जातिभित्र पनि त्यस्तै छ। भोटे जातिभित्रै बगरे, लोहार सुनारलाई यिनीहरुले तल्लो जाति भन्दछन् । हायुहरुभित्र पनि छुवाछुत प्रथा छ । थारुहरुभित्र पनि राना थारुहरु उपल्लो दर्जाका र बाँतर थारुहरु साह्रै नीच मानिन्छन् । मगरहरु कामीले छोएको खान्नन् । कामीहरु सार्कीले छोएको खान्नन् । सार्कीले फेरि दमाइले छोएको खान्नन् । दमाईहरु गाइनेले छोएको खान्नन् । गाइनेहरुले बादीले छोएको खान्नन् । बादीहरुले पोडेले छोएको खान्नन् अनि पोडेहरु च्यामेहरुले छोएको खान्नन् । यसलाई के भन्ने ? के यो छुवाछुतजस्तो रोगको कारकतत्व जनजाति तथा दलित समुदायले थोपर्दै आएको जडसूत्रवादी हिन्दू धर्म र बाहनुहरुमात्र रहेछन् त ? तैपनि लाजै पचाएर भन्ने गरिन्छ जनजातिहरुमा जातीय भेदभाव वा छुवाछुत हुँदैन । कतै छ भने पनि हिन्दूसमाजको सम्पर्कपछि अपनाउन थालेका हुन् । बाहुन त समय र परिस्थिति अनुकूल चल्न जानेको वर्ग हो। त्यसैले बदलिंदो समयसाग सहकार्य गर्दै बाहुनहरुले दलितहरुसाग बसेर सहभोजसमेत गर्न थालिसकेका छन् तर जनजाति तथा दलितहरुले आफूसँग तल्लामा गणना गरेका जातिसँग सहभोज गरेको समाचारहरु सुन्नमा आएको छैन । वास्तवमा छुवाछुत र असमानताका संवाहक भनेर बाहुनहरुलाई दोष दिनु भनेको बाहुनहरुले खाएलाएको र पढेलेखेको देखेर गरेको डाहामात्र हो । वास्तवामा जाति र छुवाछुतको समस्याको जड वैदिक धर्म र ब्राह्मण समाज नभएर सामन्ती संस्कार हो । यस्तो संस्कार ब्राह्मण, क्षेत्री, वैश्य, शूद्र, दमाई, कामी, सार्की नेवार, पोडे अनि जनजातिहरुमा पनि लुकेर बसेको हुन्छ । त्यसैले यो समस्या जनजाति र दलितहरुको मात्र नभएर सम्पूर्ण नेपालीकै समस्या हो । सबै मिलेर निर्मूल पार्नतर्फ लाग्नुपर्छ । एकले अर्कामाथि दोष थोपरेर उम्किने बाटो खोज्नु हुदैन । आफैंभित्र नियाल्नु बेस हुन्छ ।

***(स्रोतः नेपालका जनजातिहरु)***